
# धानको मरूवा रोग

## समस्याको पहिचान

धानको मरुवा रोग एक महत्वपूर्ण रोग हो। यसले सामान्यतया बाली उत्पादनको १०-२०% सम्म क्षति गर्दछ। शुरुमा पातमा साना कालो खैरो थोप्ला देखा पर्दछ (चित्र १)। विस्तारै यी थोप्लाहरु बढ्दै जान्छन् र ठुला काला खैरा थोप्ला बीचमा सेतो वा खराने रंगको दागहरु प्रष्ट देखिन्छन्। यो रोग धानको बेर्ना अवस्था देखि बाला पसाउने (चित्र २) र सो पश्चात पनि डाँठ बालामा (चित्र ३) लाग्न सक्दछ। यो रोगले पसाइसकेको बालाको घाँटीमा आक्रमण गरेमा उत्पादनमा ठुलो क्षति हुन सक्छ।


स्रोत: www.ipmimages.org

चित्र १. धानको पातमा मरूवा रोग

## समस्याको पृष्ठभूमि

नेपालमा यो रोग सन् १९६४ मा भक्तपुरको ठिमीमा फेला परेको थियो। यो रोग धान लगाइने नेपालको सबै क्षेत्रमा लाग्दछ। यो रोग पाइरिकुलारियाओरीजा नामक ढुसीले लाग्दछ। यो रोगको प्रकोप बादल लागेको चिसो मौसम, बढी आद्रता (>९०%), रातीमा कम तापक्रममा (१५-२०°C) र लामो समयसम्म शीत परेमा बढी देखा पर्दछ। यो रोग बीउ, परालका ठुटा तथा झारपातहरुबाट पनि सर्दछ। पातमा शीतका थोपाहरु लामो समयसम्म रहि रहने र नाईट्रोजन मलको बढी प्रयोगले बिरुवा कलिला र हरिया छन् भने यो रोगको प्रकोप बढ्छ।


स्रोत: www.ipmimages.org

चित्र २. बालाको घाँटीमा मरूवा रोग

## व्यवस्थापन

- रोग नलाग्ने तथा रोग सहन सक्ने जातहरु जस्तै पहाडी क्षेत्रको लागिः खुमल ४, चन्दनाथ १, चन्दनाथ २ र भित्री मधेश र मधेशको लागि परवानीपुर १, लक्ष्मी, दुर्गा, चैते २, आई.आर. ८, मसुली, हर्दिनाथ १, सावित्री, राधा ४, आदि धान लगाउने ।
- नुन पानीको घोल विधिबाट निरोगी धानको बीउ छनोट गरी धानको व्याड राख्ने ।
- बीउलाई वेभिष्टीन वा ट्राइसाइक्लाजोल २ ग्राम/के.जी. धानको बीउका दरले उपचार गर्ने ।
- सम्भव भएसम्म हिले व्याड राख्ने ।
- सम्भव भए बाली चक्र अपनाउने ।
- धान १ वित्ताको फरकमा रोप्ने र २ वटा बिरुवा मात्र एक ठाउँमा रोप्ने ।
- सिफारिस मात्रा अनुसार मात्र रसायनिक मल (खासगरी युरिया मल) को प्रयोग गर्ने। एकै पटक पुरा नाइट्रोजन मल (युरिया) को मात्रा प्रयोग नगर्ने ।
- अन्नबाली परिवारमा पर्ने झारपातहरू हटाउने ।
- यिनीहरुबाट पनि रोग व्यवस्थापन नभएमा ढुशीनाशक विषादीको प्रयोग गर्ने ।
- धानको व्याडमा रोग देखापरेमा ट्राइसाइक्लाजोल १ ग्राम वा कासुगामाइसिन १ मिलिलिटर/लिटर पानीमा मिसाई छर्ने ।
- बेर्ना गाँजिरहेको अवस्थामा रोग देखापरेमा ट्राइसाइक्लाजोल २ ग्राम वा कासुगमाइसिन २ मिलिलिटर/लिटर पानीमा मिसाई छर्ने । बाला निस्कने बेलामा नेक ब्लाष्ट देखापरेमा यही अनुसार विषादीको प्रयोग गर्ने ।


स्रोत: www.ipmimages.org

चित्र ३. डाँठमा मरूवा रोग

## सन्दर्भ सूची


- चौधरी, रा. (२०६९) । धानबालीमा लाग्ने प्रमुख रोगहरु तथा व्यवस्थापन। कृषि अनुसन्धान केन्द्र, पाख्रीबास, नेपाल कृषि अनुसन्धान परिषद्।
- Bhusal, K. & Neupane, N. (2020). A review of blast disease of rice in Nepal. Journal of Plant Pathology & Microbiology 11(12).
- ipmimages.org/index/cfm


**Scientific name:** *Pyricularia oryzae*

विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ। विषादीको लेवल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ। विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुँदैन।


तयारकर्ता

**श्री होम बहादुर वि.क.,** ब.बा.सं.अ., कृषि विभाग, हरिहरभवन, ललितपुर

**श्री महेश तिमिल्सिना,** बा.सं.अ., केन्द्रिय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर

सम्पादक

**डा. हिराकाजी मानन्धर** एनपिडिए, काठमाण्डौ

**डा. रेशमबहादुर थापा** कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन



प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर
फोनः +९७७-१-५४२१३२३/५४२१६४८
Email: doa.agri2014@gmail.com, ppd.doa2020@gmail.com
Website : www.doanepal.gov.np


*यो तथ्यपत्रमा सिफारिस गरिएका विवरणहरु नेपालको लागि सान्दर्भिक छ*